चितवन जिल्ला अदालतबाट जारी भएको

गाडी तथा मोटरसाइकल लिलाम सम्वन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०७८/०३/२३

चितवन जिल्ला अदालतको मिति २०७७/०८/२८ को निर्णायानुसार यस अदालतमा विभिन्न मितिमा दायरहुन आएका मुद्दाहरुमा जिन्सीमा आम्दानी बाँधिएका फैसलाले जफत हुने वा चालु मुद्दामा दशि स्वरुप प्राप्त हुन आएका तपसिल बमोजिमका गाडी तथा मोटरसाइकलहरु जे जुन अवस्थामा छन सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट ***गाडी तथा मोटरसाइकलको फरक फरक बोलपत्रबाट*** बोलपत्रमा उल्लेखित सवारी साधनहरु एकमुष्ट रुपमा उल्लेखित शर्तको अधिनमा रही लिलाम बिक्री हुने भएकोले सो सम्बन्धी सूचना सर्वोच्च अदालतको Website (WWW.SUPREMECOURT.GOV.NP) एवं यस अदालतको Website (WWW.SUPREMECOURT.GOV.NP/CHITWAN) तथा यस अदालतको सूचना पाटी एवं जिल्ला स्थित सरकारी कार्यालयहरुको सुचना पाटीमा टाँस गरीएको व्यहोरा अनुरोध छ। साथै बोलपत्र सम्वन्धी सम्पूर्ण जानकारी यस अदालतको जिन्सी/तहसिल शाखाबाट प्राप्त गर्न सकिनेछ।

तपसिल

गाडीहरु

सि.नं.	मुद्दा नं.	सवारी नं	Company	Model	Engine No	Chasis No	न्युनतम मुल्य	कैफियत
१.	०७६-CR-०११२	ना ६३५२ख ३. नंको ट्रक	TATA	नखुलेको	GXZ09028	F007XZ1223	५,५०,०००/-	
२.	०७३-CR-०१५८	BR५५/३०७०	TATA	SUMO	--	----	७५,०००/-	दर्ता नहुने
३.	०७३-CR-०२४२	JH 04B-0445	TATA	SUMO	--	----	७५,०००/-	दर्ता नहुने
४.	०७४-CR-०२१४	JH 01N-8611	Mahindra	Bolero	--	----	७५,०००/-	दर्ता नहुने

श्री चितवन जिल्ला अदालत भरतपुर २०२१

मोटरसाइकलहरु

सि.नं.	मुद्दा नं.	सवारी नं	Company	Model	Engine No	Chasis No	न्युनतम मुल्य	कैफियत
१.	०७३-CR-००१२	ना.१२ प. ७२५८			21c2011527	MT121c42492011476	४,०००/-	दर्ता नहुने
२.	०७३-CR-०१८९	बा ५७ प ५०८५			1CK401662	ME11cko442006239	८०,०००/-	
३.	०७३-CR-०२४८	ग४प ४२५४	Bajaj	Pulsar 150	DHZ9BRD39820	MD2DHDET22RCD37684	४,०००/-	दर्ता नहुने
४.	४९-०७५-००७२५	ना२४प ११००			1PS4002861	ME11RS0412002829	९०,०००/-	
५.	०७५-CI-००७७	ना३७प ६७४०			E3N8E0161521	मेटीएको	६०,०००/-	
६.	०७५-C१-०२५८	ना४६प१९१९	Hero	Super splendor	JAQ5ECH9D26639	MDKJAY5EWH9B25450	६५,०००/-	
७.	०७५-C१-०२६५	ना४६प६८९४		fascino	E36N6TE0213464	मेटीएको	६५,०००/-	
८.	०७५-C१-०२९०	ना१७प२७१७					१५,०००/-	
९.	०७५-C१-०२१७	ना४१प३८६६			मेटाएको	मेटाएको	५०,०००/-	
१०.	०७६-C१-०११७	ना४०प २६८३					७०,०००/-	

१. बोलपत्र फाराम रु. १०००/- (फिर्ता नहुने) तिरी सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा यस अदालतको तहसिल शाखाबाट खरिद गर्न सकिनेछ। बोलपत्र खरिद गर्दा व्यक्ती भए रु.१० को टिकट टाँस गरी बोलपत्र निवेदनसाथ नेपाली नागरिक्ताको प्रमाणपत्र संलग्न गर्नुपर्नेछ र कुनै फर्म वा संस्था भए नविकरण सहितको फर्म वा संस्था दर्ताको प्रमाणपत्र र आ.व.२०७६/७७ सम्मको कर चुक्ताको प्रमाणपत्र लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

२. बोलपत्रसाथ आफुले कबुल गरेको अंकको १० प्रतिशतले हुने रकमको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस अदालतको नाममा जारी गरिएको जमानत वा कोष तथा लेखा नियन्त्रण कार्यालय चितवनको नाममा राष्ट्रीय वाणिज्य बैंकमा रहेको धरौटी खाता नम्बर १३१०१००१०२०३०००० कार्यालय कोड नं. २०४९७३१०१ मा नगदै जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

३. चारपाङ्रे सवारी साधनको एकमुष्ठ बोलपत्र फाराम र मोटरसाईकलहरुको एकमुष्ट बोलपत्र फाराम अलग अलग खरिद गरी छुट्टा छुट्टै पेश गर्नु पर्नेछ।

४. कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुनेछैन।

५. बोलपत्रदाताले प्रथम सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) औं दिनको १२ बजेभित्र सिलबन्दी बोलपत्र यस अदालतको तहसिल शाखामा दर्ता गराइसक्नु पर्नेछ।

६. दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु दर्ता भएकै दिनको २.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा यस अदालतमा खोलिनेछ। निर्धारित समयमा बोलपत्रदाता वा निजको प्रतिनिधी अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा निहित रहनेछ।

७. बोलपत्र स्वीकृत भई सूचना पाएको मितिले ७ (सात) दिनभित्र आफुले कबुल गरेको मूल्य अदालतले तोके बमोजिम बुझाई सो बुझाएको ७ (सात) दिनभित्र सवारी साधनहरु उठाई लैजानु पर्नेछ।

८. लिलाम सकार गरीएका सवारी साधनहरु प्रचलित ऐन नियम अनुसार दर्ता गर्ने गराउने कार्य लिलाम सकार गर्नेले नै गर्नुपर्नेछ र सोसँग आवस्यक सम्पूर्ण प्रक्रिया एवं जे जो गर्नु पर्ने दस्तुर लगायतका कुराहरु लिलाम सकार गर्ने स्वयंले व्यहोर्नु पर्नेछ। अन्य कवाडको रुपमा उठाउनु पर्ने साधनहरु सोही बमोजिम गर्नु पर्नेछ।

९. लिलाम हुने सवारी साधनहरु हेर्न चाहेमा यस अदालतको तहसिल शाखामा सम्पर्क गरी अवलोकन गर्न सकिनेछ।

१०. यस अदालतबाट उपलब्ध गराईएको बोलपत्र फाराम मात्र प्रयोग गर्न पाईनेछ। एउटाको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को नामबाट पेश गर्न पाइने छैन।

११. माथी उल्लेखित न्यूनतम बोल कबोल रकममा १३% मुल्य अभिवृद्दी कर समावेश गरीएको छैन।

१२. अन्य कुराहरु प्रचलित कानून बमोजिम भई जानेछ।

२०८१०३/२३